आंधिखोला गाउँपालिका

गाउं कार्यपालिकाको कार्यालय

सेतीदोभान कृषि

गण्डकीप्रदेश,नेपाल

# शिलबन्दीदरभाउपत्रआब्हान सम्बन्धी सूचना

**प्रथमपटक सुचनाप्रकाशितमिति २०७६।३।१५**

स्थानीयसरकार सचालनऐन २०७४ को दफा ११ उपदफा २ घ(१) अनुसार यस जिल्लाको आ.व. २०७६।७७ को लागीनिम्नशिर्षकहरुमा कर, सेवाशुल्क,दस्तुर तथाआन्तरिक आय संकलन (ठेक्काबन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सुचनाप्रकाशित गरिएको छ । तोकिएको न्यूनतमअंकमानघट्ने गरि निम्नलिखितशर्तहरुको अधिनमा रहि ठेक्कानम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्रफाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचनाप्रकाशित गरिएको छ ।

## तपसिल

| क.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७६।७७को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | | सडक संरक्षण तथा मर्मत संभार शुल्क | | |
| १ | १९ | नैडाँडा - कार्कीनेटा ग्रा.स.(सेतीखोलाको पुलदेखी हिलेखोला सडकखण्ड) | १,६२९,४८३। | १०००।- |

**शर्तहरु :-**

१। दरभाउपत्र पेश गर्दा व्यक्तिले (१ लाख ५० हजार सम्मको हकमा मात्रै )नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्रपेश गर्ने फर्म वा संघ संस्थाकोहकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपीसहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२। दरभाउपत्र १६(सोह्रौं) दिन मिति २०७६/३/३०गतेमध्यान्ह १२ बजे भित्र यस कार्यालय सेतीदोभान कृषिमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३। दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एन आइ सी एशिया बैंङ्क लिमिटेड कृषि शाखा स्थित N४CA०५२५४००५२४०२ग-३धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४। म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७६/३/३० गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदातावा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५। दरभाउपत्रमाआफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइने छ

६। दरभाउपत्रस्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कबोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एन आइ सी एशिया बैंङ्क लिमिटेड कृषि शाखा स्थित N४CA०५२५४००५२४०४ग-४.२बाडफाड हुने राजश्व संकलन खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७६श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन,साथै कबोल अंकमा १० प्रतिशत छुट दिईनेछ ।यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कबोल अंकको ५० प्रतिशत किस्ता रकम र कबोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बाकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७६ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७६ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७। दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फारामसाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थलवातोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर

स्पष्टदेखिने गरि सूचनापाटीमाटाँस्नु पर्नेछ । ठेक्काको रकमउठाउने सम्बन्धमाआवश्यकप्रबन्ध गर्ने समेतको सम्पुर्णदायित्वदरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोबार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमाजिल्ला दररेटमाकमनहुनेगरी ज्यालादिनु पर्नेछ ।

८. दरभाउपत्रदातालेआँधिखोलागाउपालिकाले तोकेको शुल्कउठाउँदाप्रयोग गर्ने रसिदआफ्नै तर्फबाटछपाई सो रसिद यस कार्यालयबाटप्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।उक्त रसिदमा स्थायी लेखा न.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ रकति परिमाणमा रसिदप्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमाबुझाउनु पर्नेछ । प्रमाणितनगरेको रसिदबाटशुल्कउठाएको उजुरी वाजानकारी आएमानियमानुसार कारवाहीहुनेछ ।

९. विगतवर्षहरुमा ठेक्कालिई रकमबुझाउनबाँकी रहेका व्यक्तिवाफर्महरुले बाँकी रकमचुक्तानगरे सम्म र पेश्की/वेरुजु बाँकीहुनेले फछर्यौट नगरेसम्म दरभाउपत्रमा भागलिनपाउने छैनन् ।

१०. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर सकलन गर्न पाईने छैन । सरकारी वाअन्यकुनै कर, शुल्कदरभाउपत्रदाताआफैले व्यहोर्नु पर्नेछ ।

११. सरकारी कार्यालयबाट गरिने निर्माणकार्यहरुकाप्रयोग हुने सवारी साधनहरुमायस गाउपालिकाबाट लेखिएबमोजिमदरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१२. स्थानिय स्तरमा पर्न सक्ने वातावरणीयप्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीयदस्तुर वापत स्थानीयतहविकास शुल्कलगाउन सकिने छ ।

१३. बन्दहडतालविपत्तिवाकुनै पनि कारणले राजस्वउठाउननपाएको भनीमिन्हाको मागदावी गर्न पाईनेछैन ।

१४. प्राप्तदरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वाआंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. ठेक्काअवधी समाप्तभएपछि धरौटीफिर्ता लिन र बैंक ग्यारेण्टीफुकुवा गर्न सम्बन्धीतआन्तरीक राजस्वकार्यालयको कर चुक्ताप्रमाणपत्र पेश गर्नु पर्नेछ । आय कर तथामुल्यअभिवृद्धि कर सम्बन्धमाप्रचलितआयकर ऐन तथा मु.अ.कर ऐन बमोजिमहुनेछ ।

१६. मूल्यअभिवृद्धिकर ऐन २०५२ को दफा १५ (३) बमोजिमबोल अंकमामूल्यअभिवृद्धि कर समेत जोडिअसुल गरिने छ ।

१७. माथिउल्लेखितशर्तहरुको उल्लघंन गरेमा निजदरभाउपत्र धरौटीजफत गरी ठेक्कासमेत तोड्न सकिनेछ ।

१८. यसमाउल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमाप्रचलित ऐन नियमानुसार हुनेछ । साथै नेपाल सरकार,प्रदेश सरकार र यस आँधिखोलागाउँपालिकाबाट समय समयमा गरिएकानिर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

१९. यस सम्बन्धमाअन्यकुनै थपजानकारी आवश्यकभएमाकार्यालय समयभित्र यस कार्यालय/ राजस्वशाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(उज्जल मुसाल)
प्रमुख प्रशासकीय अधिकृत